नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

**चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसरा, चितवनबाट जारी गरिएको प्रेस विज्ञप्ती**

प्रस्तुत विषयमा यस निकुञ्जको कसरामा रहेको गिद्ध संरक्षण तथा प्रजनन् केन्द्रमामिति २०६४।१२।१० देखि J2पदमाकार्यरत जिल्ला चितवन बघौंडा गा.वि.स.वडा नं.२, माडी, चितवन बस्ने वर्ष २९ (जन्ममिति २०४२।१०।११) का हरिचन्द्र वोटे विहानउठेर करिव ६.३० को समयमा केन्द्रको कार्यालय घर अगाडीको आगनमा खरेटो लिएर बढार्न लाग्दा बाघले टाउकोमा आक्रमण गरी करिव ३० मीटर जति टाढा तानेर लगेको र निजको आवाज सुनी सोही केन्द्रका अर्का कर्मचारी कुमारकान्त श्रेष्ठ कोठाबाट बाहिर निस्की ढुङ्गाले हानेर बाघलाई लखेटे पछि नजिकै रहेको घडियाल संरक्षण प्रजनन् केन्द्रका कर्मचारी र निकुञ्ज कार्यालय कसरामा खवर गरेको । निकुञ्ज कार्यालयबाट घटनाको जानकारी पाउने वित्तिकै गाडी सहितकर्मचारी करिव ६.५० मा पुगेर उपचारको लागि हस्पिटललाने तयारी गर्दागर्दै निकुञ्ज सुरक्षार्थ तैनाथ नेपाली सेना श्रीजंगगणको मेडिकल टोली सहित घटना स्थलमा पुगरे जांचगर्दा विहानको ७.०० बजे भन्दा अगाडी नै निजको मृत्यु भईसकेको पाइयो ।

उक्त घटनाको सम्बन्धमा नेपालप्रहरीलाई जानकारी गराई नेपाल प्रहरीको टोली घटना स्थलमा पुगी घटना स्थलमुचुल्का तयार गरी निज मृतकका परिवारका सदस्य सहित यस कार्यालय, राष्ट्रियप्रकृति संरक्षण कोष-जैविक विविधता संरक्षण केन्द्र, नेपालप्रहरी र गिद्ध संरक्षण तथा प्रजनन् केन्द्रका कर्मचारीले पोष्टमार्टमाको लागि विहान ९.४५ मा भरतपुर अस्पताल लगेको । उक्तबाघले मृतकको बांयापट्टी कानको आधा भाग सहितटाउको फुटाई गिदी समेतबाहिर निकाली सख्तघाइते बनाएको हुंदा उपचार गर्ने समयसमेत नपाई घटनास्थलमै निजको मृत्यु भएको र उक्तबाघको खोजीगरी यकिनगर्न हात्ती सहित यस कार्यालयको पशु चिकित्शकसहितको टोली र राष्ट्रियप्रकृति संरक्षण कोष-जैविकविविधता संरक्षण केन्द्रका वन्यजन्तु प्राविधिकहरुखटाई सकिएको व्यहोरा अनुरोध छ ।

............................

(टिकाराम पौडेल)

सूचना अधिकारी/सहायक संरक्षण अधिकृत

मिति : २०७१।५।३